त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelor in Data Science विषय दोश्रो वर्ष चौथो शत्र -२०८१ समूह र प्रथम वर्ष दोश्रो शत्र -२०८२ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०८३ सालमा संचालन हुने चार वर्षे स्नातक तह **Bachelor in Data Science** विषय **दोश्रो वर्ष चौथो शत्र-२०८१ समूह र प्रथम वर्ष दोश्रो शत्र -२०८२ समूहको नियमित तथा सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक** परीक्षाको परीक्षा आवेदन फाराम २०८३ साल भाद्र ४ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित गणित विज्ञान स्कूलले फारामहरु रुजु गरी मिति २०८३ साल भाद्र ५ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित गणित विज्ञान स्कूलले ध्यान दिनु पर्ने कुराहरु :**

(क) **कोटा सम्बन्धमा :**

– स्वीकृत कोटाको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।
– कोटा भन्दा वढि विद्यार्थीको फाराम नपठाउने ।

(ख) **परीक्षार्थीको हाजिरी आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे :**

– पहिलो पटक परीक्षा फाराम भर्ने विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रवेश परीक्षाको रोल नं अनिवार्य रुपमा परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
– परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार हुनु पर्नेछ ।
– **आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फारामसंगै अनिवार्य रुपमा संलग्न गरी पठाउनु पर्नेछ । साथै परीक्षा आवेदन फाराममा समेत उल्लेख गर्नु पर्नेछ ।**
– आन्तरिक मूल्यांकन अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वत: रद्द हुनेछ ।
–परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या ( Subjectwise-data ) परीक्षा आबेदन फाराम साथ पठाउनु पर्नेछ ।

२.**परीक्षा शुल्क** :

क) प्रति शत्र परीक्षा शुल्क नियमित २,५००।-

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,५००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित गणित विज्ञान स्कूलले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लि.को चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र :पछि तोकिने छ ।**

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।
* परीक्षार्थीले आंशिक परीक्षाको परीक्षा आवेदन फाराम भर्दा लब्धांक पत्रको फोटोकपी फाराम साथै अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

सहायक डीन

मिति : २०८३।०४।१७